annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३६ पृष्ठ ८ | काठमाडौं, शनिबार ३० चैत २०८१ | चैत्र शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४५ | SATURDAY, APRIL 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# महिनावारीमा पनि विभेदको बोझ



महिनावारी प्राकृतिक प्रक्रिया हो। प्रजननशील महिलाका लागि रजस्वला शरीरको स्वाभाविक र अनिवार्य क्रिया हो। तर, मुलुकमा महिनावारीको उमेर समूहका महिला विभेदको बोझ सहिरहेका छन्। खासगरी कर्णाली र सुदूरपश्चिमका महिला तथा किशोरी महिनावारी हुनुलाई अझै पनि छाउ हुनु, पर सर्नु, पाखा लाग्नु, बाहिर हुनु, नछुने हुनु भन्ने जस्ता शब्दले परिभाषित हुन्छन्। महिनावारीबारे गलत मान्यताकै कारण महिला तथा किशोरी अझै पनि विभेदको बोझ उठाइरहेका छन्।

हिक्मतबहादुर नेपाली | *दैलेख*

– को रिपोर्ट

समाचार पृष्ठ २

सुदूरपश्चिमको डडेल्धुरामा छाउगोठमा बस्न जाँदै गरेकी एक युवती। ● अन्नपूर्ण फाइल

## भित्री पृष्ठ



के छैन ? लोकगीतको देशभित्र - पृष्ठ ३



सुर्खेतमा देउडा प्रतियोगिता - पृष्ठ ४



प्रसाईंलाई १२ दिन हिरासतमा राख्न अनुमति - पृष्ठ ६



नयाँ वर्ष नजिकिँदै, पोखरामा पर्यटक बढ्दै - पृष्ठ ७

# 'अर्थतन्त्र सक्रिय गराउन नीतिगत हस्तक्षेप जरुरी'

**सुनिता कार्की** | *काठमाडौं*

समग्र माग कमजोर भएकोले आर्थिक वृद्धिदर सुस्त रहेको उच्चस्तरीय आर्थिक सुझाव आयोगले जनाएको छ। पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुझाव सुधार आयोगले अर्थतन्त्रमा तत्काल सुधार ल्याउन माग-पक्षीय नीतिहरू मात्रै पर्याप्त नरहेको औंल्याएको छ। ६ महिना लगाएर आयोगले गरेको अध्ययनले उपभोगको वृद्धिदर घट्नु र लगानीमा ह्रास आउनु नै आर्थिक दर सुस्त रहनुको मुख्य कारण औंल्याएको छ। तत्काल माग पक्षमा सुधार ल्याउन नीतिगत हस्तक्षेप आवश्यक रहेको आयोगको सुझाव छ। त्यसका लागि आयोगले आर्थिक वृद्धि हासिल गर्न आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरेर लगानीयोग्य वातावरण बनाउनुपर्ने र उत्पादनको लागत घटाएर प्रतिस्पर्धा बढाउन आवश्यक रहेको जनाएको छ।

पूर्वअर्थसचिव खनालको अध्यक्षतामा गठित आयोगले कात्तिकको दोस्रो हप्तादेखि अध्ययन गरेर शुक्रबार अर्थमन्त्री विष्णु पौडेललाई प्रतिवेदन बुझाएको हो। आयोगले यसअघि पुस २४ गते तत्काल गर्न पर्ने विषय समेटेर सरकारलाई अन्तरिम प्रतिवेदन पनि बुझाएको थियो।



आयोगले आर्थिक वर्ष २०७८/७९ देखिको मुलुकको अर्थतन्त्रबारे अध्ययन गरेको थियो। अध्ययनका क्रममा कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारी वित्तीय प्रणालीमा लाखौं सर्वसाधारणको बचत फस्नु, सरकारले गर्नु पर्ने कतिपय भुक्तानी समयमा नगर्नु र व्यापारिक उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र संकटग्रस्त बन्न गएकाले उपभोग र लगानीमा ह्रास आउँदा त्यसको असर आर्थिक वृद्धिमा परेको प्रतिवेदनमा उल्लेख छ। कोभिड महामारीमा अर्थतन्त्र पुनरुत्थानका लागि चालिएका कदमहरूले अर्थतन्त्र शिथिल भएको आयोगको बुझाइ छ। महामारीको समयमा राहत दिन प्रयोग गरिएका कतिपय मौद्रिक उपकरणहरूको सन्तुलन मिलाउन विलम्ब गर्नु, वित्त नीति पर्याप्त मात्रामा सक्रिय नगराइनु, आयात नियन्त्रणको नीति लिनुजस्ता कारणले गर्दा अर्थतन्त्र एकपछि अर्को समस्यामा परेको आयोगको निष्कर्ष छ। यही कारणले पछिल्ला दुई आर्थिक वर्षमा अर्थतन्त्रमा थप शिथिलता देखिएको आयोगको भनाइ छ।

अर्थतन्त्रमा आएको शिथिलता अन्त्य गर्न निजी क्षेत्रले एक वर्ष अघिदेखि परिवर्तनकारी आर्थिक सुधारका कार्यक्रम ल्याउन सरकारसँग आग्रह गरेको थियो। अर्थतन्त्रमा तत्काल गतिशीलता ल्याउन मात्र नभई विद्यमान संरचनात्मक समस्याहरूलाई समेत सम्बोधन गर्दै दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न बृहत् आर्थिक सुधारको कार्यक्रम लागू गर्नुपर्ने निजी क्षेत्रको माग थियो।

आयोगले आर्थिक सुधारका प्रस्तावहरू तर्जुमा गर्दा केही मान्यता लिइएको जनाएको छ। तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, आर्थिक अवसरहरू सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, सीमारहित अर्थतन्त्र निर्माण गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउने आयोगले सुझाव दिएको छ।

प्रतिवेदनले संरचनात्मक अवरोधहरूलाई कम गर्दै आर्थिक अवसरहरू सिर्जना गर्ने, सिर्जना गर्न प्रोत्साहन गर्ने र अवसरमा सबैको पहुँच पुऱ्याउने दिशामा सरकारका नीति र कार्यक्रमहरू लक्षित हुनुपर्ने औंल्याएको छ।

» बाँकी पृष्ठ ६

# 'विद्यालय शिक्षा विधेयक चाँडै आउँछ, आन्दोलनमा बसिरहनु पर्दैन'

**रूपन्देही** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार विद्यालय शिक्षा ऐन चाँडै ल्याउन तत्पर रहेकाले शिक्षकहरू आन्दोलनमा बसिरहनु नपर्ने बताएका छन्।

बुटवलमा आयोजित जागरण सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार सबै क्षेत्र र समुदायका समस्या र आवाजलाई सुन्ने खालको सरकार भएकाले आन्दोलनमा रहिरहन नपर्ने बताए।

'समस्याहरू छन् तर सडकमा गइरहनुपर्ने थिएन। म शिक्षकहरूलाई शिक्षा ऐन चाँडै आउँछ भन्न चाहन्छु। तपाईंहरूले आफ्ना समस्यामात्रै राष्ट्रको हित र आर्थिक अवस्थालाई पनि हेरेर विचार गर्नुपर्ने हुन्छ,' उनले भने।

प्रधानमन्त्री केपी शर्मा ओलीले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले अन्य माध्यमबाट पठाएको राजीनामा यकिन गरेर स्वीकृत गरेको जनाउँदै उपकुलपतिसँग आफ्नो भिडन्त भयो भन्ने खालका प्रचारमा कुनै सत्यता नभएको स्पष्ट गरे।

# अमेरिकामा आन्दोलन र सामाजिक सञ्जालमा टिप्पणी गर्ने ३ सय विद्यार्थीको भिसा रद्द

**सुरज भण्डारी** | *अमेरिका*

अध्ययनका लागि आएका विदेशी विद्यार्थीको गतिविधिमा समेत अमेरिकाको अध्यागमनसँग सम्बन्धित निकायहरूले निगरानी बढाएका छन्। आपराधिक गतिविधिमा संलग्न भएका तथा कानुनविपरीतका कार्यमा जोडिएकाहरूको खोजी गरी उनीहरूको अध्ययन अनुमति खारेज गर्ने प्रक्रिया अघि बढाइएको छ। स-साना घटनामा संलग्न भएकाहरूको समेत भिसा खारेज गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

अमेरिकामा एफ १, एम १ र जे १ भिसामा रहेकाहरू अन्तर्राष्ट्रिय विद्यार्थीको रूपमा रहेका हुन्छन्। यसमा सबैभन्दा बढी एफ १ मा रहेका विद्यार्थीको संख्या रहेको छ। राष्ट्रपति डोनाल्ड जे ट्रम्प प्रशासनले लिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिका विरुद्धमा हुने गरेका प्रदर्शनहरूमा अन्तर्राष्ट्रिय विद्यार्थीको सहभागिता देखिएपछि ट्रम्प प्रशासनले कडाइ गर्न थालेको हो।

भिसा रद्द गरिएकाहरूमा कानुनविपरीत काम गर्नेदेखि आपराधिक घटनामा संलग्न भएकासहित अमेरिकी नीतिको विरुद्धमा सामाजिक सञ्जालमा




लेख्ने वा त्यस्ता आन्दोलनमा सहभागी भएकाहरू रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। अमेरिकामा अन्तर्राष्ट्रिय विद्यार्थीको रूपमा रहेकाहरूले भिसाको प्रकारको आधारमा सातामा निश्चित घण्टा मात्र काम गर्ने अनुमति रहेको हुन्छ।

हालसम्म कति अन्तर्राष्ट्रिय विद्यार्थीको भिसा रद्द गरिएको छ भन्ने यकिन र स्वतन्त्र पुष्टि नभए पनि यो संख्या करिब तीन सयभन्दा बढी पुगिसकेको सञ्चारमाध्यमहरूले जनाएका छन्। भिसा रद्द गरिएका विद्यार्थीमा नेपालीसमेत परेको बताइएको छ। भिसा रद्द गरिएकाहरूमध्ये कतिपयलाई तत्काल अमेरिका छाड्नसमेत भनिएको सञ्चारमाध्यमहरूले जनाएका छन्।

अमेरिकाको डिपार्टमेन्ट अफ होम ल्यान्ड सेक्युरिटीले एउटा कार्यदल बनाई करिब १५ लाख बढी अन्तर्राष्ट्रिय विद्यार्थीको सामाजिक सञ्जालमाथि निगरानी बढाएको इन्टरनेसनल बिजनेस टाइम्सले उल्लेख गरेको छ। त्यस्तै, अमेरिकामा ग्रिनकार्डमा रहेकाहरूको सामाजिक सञ्जाल गतिविधिमा समेत निगरानी भइरहेको मिडियाले जनाएको छ।